कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर - बाँके

Google Plus Code

5MXQ+5CJ Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८२/०८३ (शिक्षा तथा खेलकुद शाखा)

च.नं. ९३

**विषय : विषय विज्ञ (Roster) मा सूचीकृत हुन आवेदन दिनका लागि जारी सूचना।**

(दोस्रो पटक प्रकाशित मिति २०८२/०६/२२ गते)

प्रस्तुत विषयमा कोहलपुर नगरपालिका अन्तरगत संचालित सामुदायिक विद्यालयमा, विभिन्न तह र श्रेणीमा रिक्त रहेका अस्थायी तथा करार सेवामा शिक्षक छनौट, पाठ्यपुस्तक लेखन तथा विद्यालय सुपरीवेक्षणका क्रममा प्राविधिक सहयोग उपलब्ध गराउने प्रयोजनका लागि विषय विज्ञसूची अद्यावधिक गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक व्यक्तिहरूले तपसिलको कागजातसहित मिति २०८२/०६/२८ गतेभित्र शाखामा निवेदन पेश गर्नु हुन पुनः यो सूचना प्रकाशन गरिएको छ। **साथै प्राविधिक सहयोग प्रदान गर्ने हेतुले विषयगत विज्ञका लागि संस्थागत विद्यालयमा अध्यापनरत शिक्षकले समेत आवेदन दिन सक्ने छन।**

**तपसिल :विषय विज्ञका लागि आवश्यक योग्यता तथा प्रावधानहरू :**

| क्र.सं. | विज्ञताको तह | शैक्षिक योग्यता | कार्य अनुभव (स्थायी सेवा) | कैफियत |
|---|---|---|---|---|
| १. | आधारभूत तह (कक्षा १-५) | स्नातक तह उत्तीर्ण र तालिम प्राप्त | प्राथमिक तहमा कम्तिमा ३ वर्ष पुरा भएको | कोहलपुर नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयमा कार्यरत अस्थायी, राहत अनुदानमा करार प्रकृतिका सेवामा कार्यरत ३ वर्ष सेवा अवधि पुरा गरेका शिक्षकहरूले समेत आवेदन दिन सक्ने। बाँके, बर्दिया जिल्लाका अन्य स्थानीय तहमा कार्यरत शिक्षकको हकमा स्थायी शिक्षकले मात्र आवेदन दिन सक्ने। |
| २. | आधारभूत तह (कक्षा ६-८) | सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण र तालिम प्राप्त | निम्न माध्यमिक तहमा कम्तिमा ३ वर्ष पुरा गरेको | |
| ३. | माध्यमिक तह (कक्षा ९-१०) | सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण र तालिम प्राप्त | माध्यमिक तहमा कम्तिमा ३ वर्ष पुरा गरेको | |
| ४. | माध्यमिक तह (कक्षा ११-१२) | सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह द्वितीय श्रेणीमा उत्तीर्ण र तालिम प्राप्त | माध्यमिक तह द्वितीय श्रेणी वा सो सरहको तह/श्रेणीमा ३ वर्ष पुरा गरेको | |

**निवेदनसाथ संलग्न राखिनु पर्ने कागजातहरू :**

१. शाखाले निर्धारण गरेको ढाँचामा फोटोसहितको निवेदन (यसै सूचना साथ संलग्न रहेको)
२. व्यक्तिगत, शैक्षिक योग्यता (न्यूनतम वा माथिल्लो शैक्षिक योग्यता) तथा तालिमसम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
३. सम्बन्धित तहको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि तथा कार्यरत संस्थाको कार्य अनुभव सहितको सिफारिस पत्रको प्रतिलिपि
४. कम्प्युटर सीप तथा ICT सम्बन्धी तालिम प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
५. सुपरीवेक्षकको हकमा शैक्षिक योग्यता कम्तिमा स्नातकोत्तर वा अनुसन्धान तहको भएमा प्राथमिकतामा राखिने
६. बाँकि र बर्दिया जिल्लाका अन्य स्थानीय तहका विज्ञको हकमा कार्यरत संस्था तथा स्थानीय तहबाट विज्ञताको लागि अनुमति दिइएको सिफारिस (पुरानाको लागि आवश्यक नपर्ने)
७. नगरपालिकाको रोष्टर सूचि अद्यावधिक भैसकेपछि नगरपालिकामा सूचिकृत विज्ञलाई मात्र विषय विज्ञमा मान्यता दिइनेछ।
८. यस अघि सूचिकृत भएका विज्ञहरूले नवीकरण हुन चाहेमा निवेदन मात्र पेश गर्नु पर्नेछ।

२०८२/०६/२२

रामबहादुर हमाल

शाखा प्रमुख/उपसचिव

| फोटो |
|---|

श्रीमान शाखा प्रमुखज्यू
शिक्षा, युवा तथा खेलकुद शाखा
कोहलपुर – बाँके

विषय : विषय विज्ञ (Roster) मा सूचीकृत हुन पाऊँ ।

प्रस्तुत विषयमा शिक्षा युवा तथा खेलकुद शाखाको मिति २०८२/....../..... गते जारी सूचना बमोजिम देहाय बमोजिमका विषयमा विज्ञका रुपमा सूचिकृत हुन तपसिलको विवरणसहित (आवश्यक कागजातसहित) यो निवेदन पेश गरेको छु ।

तपसिल :

नाम, थर : ..........................................

स्थायी ठेगाना : ...................... ... जिल्ला ........................... न. पा./ गा. पा., वडा नं. ..................

टोल : ............... ..... सम्पर्क नम्बर : ........................... इमेल : ..................................................

कार्यरत भए संस्थाको नाम : ............................................... ठेगाना : ..............................................

(क) विषयविज्ञका रुपमा सूचीकृत हुन चाहेका बढीमा दुई विषय (प्राथमिकता क्रममा राख्ने)

| क्र. सं. | विज्ञका रुपमा सूचीकृत हुन चाहेको विषय | विज्ञका रुपमा रहन चाहेको कक्षा वा क्षेत्र | विषयसँग सम्बन्धित सम्पादन गरेको कार्य अनुभव वर्ष |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

(ख) शैक्षिक योग्यता (विषय विज्ञका लागि तोकिएको न्यूनतम र सोभन्दा माथिल्लो योग्यता भए सोसमेत)

| उपाधि | अध्ययन गरेका विषयहरू | उत्तीर्ण बोर्ड | उत्तीर्ण वर्ष | उत्तीर्ण श्रेणी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

(ग) तालिम

| तालिमको नाम | तालिम अवधि | तालिम दिने निकाय | तालिम सम्पन्न वर्ष |
|---|---|---|---|
| | | | |
| | | | |

(घ) विषयसँग सम्बन्धित कुनै पुस्तक सन्दर्भ सामग्री लेख रचना लेखन अनुसन्धान आदि कार्य गरेको भए उल्लेख गर्ने

| क्र सं | सामग्रीको नाम | प्रयोजन | प्रकाशन वर्ष | प्रकाशन |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

उल्लेखित विवरण सही हो । झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

हस्ताक्षर : ......................

निवेदकको नाम : ..................................